सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गराएको विवरण

**२०८२ माघ - चैत्र**

**सम्पादित प्रमुख क्रियाकलापको विवरण**




गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**प्रेस रजिष्ट्रारको कार्यालय**

पोखरा नेपाल

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रेस रजिष्ट्रारको कार्यालय**
पोखरा, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

**आ.ब. ०८२/०८३ मा २०८२ माघ देखि चैत्रसम्म**

## १. कार्यालयको स्वरूप र प्रकृति

नेपालको संविधान, २०७२ ले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत पूर्ण प्रेस स्वतन्त्रता र नागरिकको सुसूचित हुने हकलाई सुनिश्चित गर्न गण्डकी प्रदेश सरकार प्रतिबद्ध रहेको छ। यसै सन्दर्भमा, संवैधानिक अधिकारको प्रयोग गर्दै गण्डकी प्रदेश सभाद्वारा पारित गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० तथा गण्डकी प्रदेश आम सञ्चार नियमावली, २०८२ को कानुनी धरातलमा टेकेर प्रेस रजिष्ट्रारको कार्यालय स्थापना भएको हो।

पोखरामा अवस्थित यो कार्यालय गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने एक स्वायत्त नियामक तथा प्रवर्द्धनात्मक निकाय हो। विचार र अभिव्यक्तिको स्वतन्त्रताको सम्मान गर्दै सञ्चार माध्यमहरूलाई मर्यादित, जिम्मेवार र जवाफदेही बनाउनु यस कार्यालयको प्रमुख ध्येय हो।

यस कार्यालयले प्रदेशभित्र सञ्चालन हुने सञ्चार माध्यमहरूको दर्ता, नवीकरण, अनुगमन र नियमनको कार्य सम्पादन गर्दछ। विशेषतः १०० वाटभन्दा माथि १००० वाटसम्म क्षमता भएका एफ.एम. रेडियो, केबलमा आधारित टेलिभिजन र अनलाइन सञ्चार माध्यमहरूको व्यवस्थापन गर्ने क्षेत्राधिकार यस कार्यालयमा निहित छ।

नियामक भूमिकाका अलावा, यस कार्यालयले प्रदेशभित्रका बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विविधतालाई सञ्चार माध्यममार्फत उजागर गर्न, मौलिक भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण एवं संवर्धन गर्न तथा प्रदेश सरकारका विकास निर्माण र असल अभ्यासहरूलाई जनसमक्ष पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।

साथै, श्रमजीवी पत्रकार, सञ्चारकर्मी, प्राविधिक र व्यवस्थापकहरूको पेसागत क्षमता अभिवृद्धि, वृत्ति विकास र पेसागत सुरक्षाको प्रत्याभूति गराउनु पनि यस कार्यालयको परिचयभित्र पर्दछ। सुशासन, पारदर्शिता र विधिको शासनलाई मूलमन्त्र मान्दै प्रविधिमैत्री सेवा प्रवाह मार्फत सञ्चार क्षेत्रबाट योगदान पुऱ्याउनु नै यस कार्यालयको सार हो।

**क) दूरदृष्टीः**

गण्डकी प्रदेशमा सञ्चालन हुने आमसञ्चार माध्यमलाई स्वतन्त्र, मर्यादित र जिम्मेवार बनाई विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चारको हकलाइ थप प्रभावकारी बनाउने।

**ख) उद्देश्यः**

बिमला भण्डारी
प्रेस रजिष्ट्रार

CamScanner

प्रेस रजिष्ट्रारको कार्यालयले देहाय बमोजिमका उद्देश्यहरू परिपूर्ति गर्नका लागि आफ्ना गतिविधिहरू केन्द्रित गरेको छ:

➤ **सञ्चार माध्यमको व्यवस्थापन र नियमन:** गण्डकी प्रदेश आम सञ्चार ऐन, २०८० र नियमावली, २०८२ को अधीनमा रही प्रदेशस्तरका सञ्चार माध्यमहरूको दर्ता, नवीकरण, अभिलेखीकरण र नियमन कार्यलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउनु।

➤ **प्रेस स्वतन्त्रताको प्रवर्द्धन:** नेपालको संविधानप्रदत्त विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चारको हकको पूर्ण कार्यान्वयन गर्दै स्वतन्त्र, निष्पक्ष र भयरहित पत्रकारिताको वातावरण सिर्जना गर्नु।

➤ **क्षमता अभिवृद्धि र व्यवसायीकरण:** आम सञ्चार क्षेत्रमा क्रियाशील पत्रकार, सञ्चारकर्मी, प्राविधिक तथा व्यवस्थापकहरूको सीप, दक्षता र क्षमता विकास गर्दै सञ्चार क्षेत्रलाई प्रतिस्पर्धी, मर्यादित र व्यावसायिक बनाउनु।

➤ **मौलिकताको संरक्षण:** प्रदेशभित्रका विविध भाषा, धर्म, संस्कृति, पर्यटन र रैथाने ज्ञानको प्रचारप्रसार तथा प्रवर्द्धन गर्न सञ्चार माध्यमहरूलाई प्रोत्साहित गर्नु।

➤ **सुशासन र जवाफदेहिता:** आम सञ्चार माध्यमहरूलाई आचारसंहिता पालना गराउँदै समाज र राष्ट्रप्रति जिम्मेवार र जवाफदेही बनाउनु तथा कार्यालयको सेवा प्रवाहमा सुशासन कायम गर्नु।

➤ **सूचनाको पहुँच विस्तार:** प्रदेश सरकारका नीति, कार्यक्रम, उपलब्धि र जनसरोकारका विषयहरूलाई आम नागरिकसम्म प्रभावकारी रूपमा सम्प्रेषण गरी सरकार र जनताबीचको सम्बन्धलाई सुदृढ बनाउनु।

**२. कार्यक्षेत्र/कार्य जिम्मेवारी/काम कर्तव्य अधिकार:-**

१. प्रदेशस्तरको आमसञ्चार संस्थाहरूको छापासञ्चार, अनलाइन सञ्चारमाध्यम, रेडियो, सामुदायिक रेडियो, टेलिभिजन, केबुल टेलिभिजन सञ्चालन तथा अनुमतिपत्र प्रदान गर्ने, नवीकरण गर्ने र नियमन गर्ने।

२. एक सय भन्दा माथि एक हजार वाटसम्मको एफ.एम. रेडियो सञ्चालनको इजाजत दिने, नवीकरण गर्ने र नियमन गर्ने।

३. आमसञ्चार प्रविधिको प्रयोग र प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने।

४. आमसञ्चार माध्यमका विषयमा नागरिकबाट प्राप्त गुनासोको सुनुवाइ गर्ने।

५. श्रमजीवी पत्रकार र आमसञ्चार माध्यम व्यवस्थापनबीच सेवा शर्त तथा सुविधा सम्बन्धी विवाद वार्ता वा मेलमिलापबाट समाधान गर्न पहल गर्ने।

६. आमसञ्चार माध्यमको वर्गीकरण सम्बन्धमा प्रदेश सरकारसमक्ष सिफारिस गर्ने।

७. आमसञ्चार माध्यमलाई उपलब्ध गराइने सुविधासम्बन्धी विषयमा प्रदेश सरकारसमक्ष सिफारिस गर्ने।

८. ऐनको दफा ३३ को उपदफा (१) बमोजिम श्रमजीवी पत्रकारलाई पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध भए/नभएको अनुगमन गरी सम्बन्धित कानूनको कार्यान्वयन गर्ने, गराउने।

९. विज्ञापन प्रयोजनका लागि कुनै सञ्चार माध्यमको विवरण माग भएमा विवरण उपलब्ध गराउने।

बिमला भण्डारी
प्रेस रजिष्ट्रार

CamScanner

१०. सूचना प्रविधि, सञ्चार, प्रकाशन तथा प्रसारण क्षेत्रमा स्वदेशी तथा विदेशी छात्रवृत्ति, सीप विकास, तालिम तथा भ्रमण कार्यक्रमको समन्वय गर्ने।


११. एकद्वार विज्ञापन नीति सम्बन्धमा प्रदेश सरकारलाई आवश्यक सुझाव दिने।

१२. प्रदेश सरकारको तर्फबाट उपलब्ध गराइने लोककल्याणकारी विज्ञापन वितरण गर्ने।

१३. प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र सम्बन्धी कार्य गर्ने।

**३. निकायको संगठन संरचना र कार्य विवरणः**

संगठन संरचना तथा दरबन्दी तेरिज
(नियम ८ को उपनियम २ सँग सम्बन्धित)
**प्रेस रजिष्ट्रार कार्यालय, गण्डकी प्रदेश, पोखराको - संगठन संरचना**




**प्रेस रजिष्ट्रारको कार्यालयको दरबन्दी तेरिजः**

| क्र.सं | पद | तह/श्रेणी | सेवा | समूह | दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रेस रजिष्टर | एघारौं | - | - | १ | |

बिमला भण्डारी
प्रेस रजिष्ट्रार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | उपसचिव | नवौं/दशौं | प्रशासन | प्रशासन | १ | |
| ३ | प्रशासकीय अधिकृत | सातौं/आठौं | प्रशासन | प्रशासन | १ | |
| ४ | इन्जिनियर | सातौं/आठौं | इन्जिनियरिङ | इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन | १ | |
| ५ | सहायक/अधिकृत | पाँचौ/छैटौं | प्रशासन | प्रशासन | २ | |
| ६ | सहायक/अधिकृत | पाँचौ/छैटौं | प्रशासन | लेखा | १ | |
| ७ | कम्प्यूटर सहायक/अधिकृत | पाँचौं/छैटौं | प्रशासन | विविध | १ | |
| ८ | सहायक कम्प्यूटर | चौथो/पाँचौं | प्रशासन | विविध | १ | |
| ९ | हलुका सवारी चालक | श्रेणी विहिन | इन्जिनियरिङ | ज.मे. | १ | |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | प्रशासन | २ | |
| | **कुल जम्माः** | | | | १२ | |

**४. सेवा प्रदान गर्ने निकाय शाखा र जिम्मेवार अधिकारी**

| क्र.स. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | बिमला भण्डारी | प्रेस रजिष्ट्रार | |
| २ | कार्यालय | निराजन शर्मा | निर्देशक | |
| ३ | प्रशासन तथा प्रकाशन शाखा | आरति पोखरेल | प्रशासकीय अधिकृत | |
| ४ | प्रशारण तथा सूचना शाखा | ---------------- | ईलोक्टोनिक्स इन्जिनियर | रिक्त |
| ५ | प्रशारण तथा सूचना शाखा | राजेश पौडेल | स.प्रशासकीय अधिकृत | |
| ६ | प्रशासन तथा प्रकाशन शाखा | प्रेमप्रसाद पौडेल | स.प्रशासकीय अधिकृत | |
| ७ | प्रशासन तथा प्रकाशन शाखा | सुर्यप्रसाद पौडेल | स. लेखा अधिकृत | |
| ८ | प्रशारण तथा सूचना शाखा | सुरेश रानाभाट | कम्प्यूटर अपरेटर | |
| ९ | प्रशासन तथा प्रकाशन शाखा | ---------------- | सहायक कम्प्यूटर | रिक्त |
| १० | प्रशासन तथा प्रकाशन शाखा | सुनिल थारु | हलुका सवारी चालक | |
| ११ | प्रशासन तथा प्रकाशन शाखा | कोपिला क्षेत्री | कार्यालय सहयोगी | |
| १२ | प्रशासन तथा प्रकाशन शाखा | कविता पराजुली | कार्यालय सहयोगी | |

**५.सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः**

सूचना दिँदा सूचनाको हक सम्बन्धी ऐन तथा नियमअनुसार शुल्क लाग्ने छ। प्रशारण संस्थाहरुको दर्ता, नविकरण तथा प्रशारण सेवाको रोयल्टीको लागि गण्डकी प्रदेश आमसञ्चार नियमावली, २०८२ मा तोकिएबमोजिको शुल्क, दस्तुर, जरिवाना लाग्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त हुने अन्य सेवा निःशुल्क रूपमा प्रवाह गरिने छ।

बिमला भण्डारी
प्रेस रजिष्ट्रार

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रेस रजिष्ट्रारको कार्यालय
पोखरा, नेपाल

CamScanner

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

निर्णय गर्नुपर्ने विषयको प्रकृति एवं प्रचलित नेपाल तथा प्रदेश कानून बमोजिम कार्यालय प्रमुखबाट निर्णय हुनेछ। नीतिगत विषयमा सम्बन्धित सचिव वा प्रमुख सचिव वा माननीय मुख्यमन्त्री वा प्रदेश मन्त्रिपरिषद्बाट निर्णय हुने व्यवस्था रहेको छ।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

क) उजुरी सुन्ने अधिकारी - श्री बिमला भण्डारी, प्रेस रजिष्ट्रार

ख) गुनासो सुन्ने अधिकारी - श्री निराजन शर्मा, निर्देशक

## ८. सम्पादन गरेको मुख्य कामको विवरण:

**प्रेस रजिष्ट्रारको कार्यालय**

**आ.व. ०८२/०८३को वार्षिक कार्ययोजना अनुसारको प्रगति**

| क्र. सं. | खर्च शिर्षक नं. | कार्यक्रम | लक्ष्य | ईकाई | जम्मा रकम | क्रियाकलाप | लक्ष्य | ईकाई | हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 22522 | जनतासँग मुख्यमन्त्री तथा हेलो मुख्यमन्त्री कार्यक्रम (उत्पादन, प्रशारण र प्रकाशन लगायत) | १ | पटक | १५०० | १. TOR तयारी | १ | पटक | १ | कार्यक्रम उत्पादन प्रशारण शुरु भएको |
| | | | | | | २. समझौता | १ | पटक | १ | |
| | | | | | | ३. उत्पादन गर्ने | २१ | वटा | १ | |
| | | | | | | ४. प्रशारण गर्ने | २१ | पटक | १ | |
| | | | | | | ४. प्रतिवेदन | १ | पटक | | |
| २ | 22522 | मिडिया साक्षरता, New Media, स्थानीय सञ्चार माध्यमको सबलिकरण, पत्रकार समावेशिकरण, फोटोपत्रकारिता ,श्रव्यदृश्य सम्बन्धी कार्यशाला/तालिम/अनुशिक्षण | १० | पटक | १५०० | १.मिडिया साक्षरता सम्बन्धी तालिम | ३ | वटा | १ | एआइ र एल्गारिदम् |
| | | | | | | २. New Media सम्बन्धी तालिम | २ | वटा | १ | डेटा ड्राइभन जर्नालिजम |
| | | | | | | ३. स्थानीय सञ्चार माध्यम सबलीकरण गर्ने कार्यक्रम | १ | वटा | १ | मिडिया सबल कि संकट |
| | | | | | | ४.फोटोपत्रकारिता सम्बन्धी तालिम | २ | वटा | | एड्भान्स फोटो पत्रकारिता तालिम |
| ३ | 22522 | लोककल्याणकारी तथा जनचेतनामूलक प्रचार सामाग्री निर्माण, वितरण र प्रसारण | १ | पटक | 4000 | १. दरखास्त आव्हान | १ | पटक | १ | संकलन भइरहेको |
| | | | | | | २. मूल्याङ्कन तथा छनौट | १ | पटक | | |
| | | | | | | ३. वितरण | १ | पटक | | |
| ४ | 22522 | समुन्नत गण्डकी रेडियो कार्यक्रम | | | 1000 | १. TOR तयारी | १ | पटक | | G to G/Radio Npl |
| | | | | | | २. समझौता | १ | पटक | | सम्झौता भएको |
| | | | | | | ३. उत्पादन गर्ने | २१ | वटा | | उत्पादन भएको |

बिमला भण्डारी
प्रेस रजिष्ट्रार

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ४. प्रशारण गर्ने | २१ | पटक | | प्रशारण भएको |
| | | | | | | ४. प्रतिवेदन | १ | पटक | | |
| ५ | 22522 | पत्रकार आचार संहिता पालना कार्यान्वयनको अनुगमन तथा नियमन | | | 200 | 1. अनुगमन तथा नियमन | १२ | पटक | ७ | नियमित भएको |
| ६ | 22522 | महिलाहरुका लागि मिडिया Startup कार्यक्रम | | | ६०० | १) कार्यविधि निर्माण | १ | पटक | | concept paper |
| | | | | | | २) कार्यविधि स्वीकृति | १ | पटक | | concept paper |
| | | | | | | ३) प्रस्ताव माग | १ | पटक | | |
| | | | | | | ४) छनोट र सम्झौता | १ | पटक | | |
| ७ | 22522 | पत्रकार लेखनवृत्ति फेलोशिप कार्यक्रम | | | १५०० | १) कार्यविधि निर्माण | १ | पटक | १ | पेश भएको |
| | | | | | | २) कार्यविधि स्वीकृति | १ | पटक | १ | स्वीकृति भएको |
| | | | | | | ३) प्रस्ताव माग | १ | पटक | | सूचना/प्रस्ताव माग |
| | | | | | | ४) छनोट र सम्झौता | १ | पटक | | |
| | | | | | | 5) फेलोसिप प्रदान | १ | पटक | | |
| ८ | 22522 | पत्रकार महासंघ गण्डकी प्रदेशलाई कार्यक्रम सहयोग | | | ८०० | पत्रकार महासंघ गण्डकी प्रदेशलाई कार्यक्रम सहयोग | १ | पटक | १ | प्रस्ताव पेश / सम्झौता |
| ९ | 22522 | पत्रकार महासंघ कार्यक्रम सहयोग (एघार जिल्ला) | | | १४०० | पत्रकार महासंघ कार्यक्रम सहयोग (एघार जिल्ला) | ११ | वटा | ७ | ७वटा सम्पन्न भएको |
| १० | 22522 | पत्रकार संवद्ध संस्था एवं संगठनका लागि मागमा आधारित कार्यक्रम सहयोग | | | १००० | कार्यक्रम सहयोग | १ | पटक | | सूचिकृत/प्रस्ताव आव्हान/ संकलन |
| ११ | 22522 | गण्डकी प्रदेश वृत्तचित्र निर्माण | | | 500 | वृत्तचित्र निर्माण गर्ने | १ | पटक | १ | निर्माण सम्पन्न भएको |
| १२ | 22522 | मिथ्या/भ्रमपूर्ण सूचनाका सम्बन्धमा सचेतना कार्यक्रम | | | 500 | मिथ्या/भ्रमपूर्ण सूचनाका सम्बन्धमा सचेतना कार्यक्रम | | | १ | सम्पन्न भएको |
| १३ | 22522 | नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीलाई कार्यक्रम | | | 600 | कार्यक्रममा सहयोग गर्ने | १ | पटक | १ | प्रस्ताव पेश स्वीकृति सम्झौता भएको |

बिमला भण्डारी
प्रेस रजिस्ट्रार

CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सहयोग | | | | | | | | |
| १४ | 22522 | Media Center सहयोग कार्यक्रम | | | 500 | १. प्रस्ताव माग गर्ने | १ | पटक | | प्रस्ताव माग/सिफारिस |
| | | | | | | २. सहयोग गर्ने | १ | पटक | | |
| १५ | 22522 | प्रादेशिक सञ्चार डायरी प्रकाशन | | | 500 | १. प्रस्ताव माग गर्ने | १ | पटक | | TOR+Estimate process |
| | | | | | | २. सम्झौता गर्ने | १ | पटक | | |
| | | | | | | ३. प्रकाशन गर्ने | १ | पटक | | |
| १६ | 22522 | स्वतन्त्र प्रेस समुन्नत गण्डकी प्रदेश विषयक अन्तरसंवाद (मिडियासँगको साझेदारीमा) | | | 1000 | अन्तरसंवाद कार्यक्रम आयोजना गर्ने | १ | पटक | | रकम रोक्का भएकोले शुरु हुन नसकेको |
| १७ | 22522 | अग्रज पत्रकार सम्मान तथा अनुभव अभिलेखिकरण कार्यक्रम | | | 500 | १. अग्रज पत्रकार सम्मान कार्यक्रम | १ | पटक | | सिफारिस माग/फाराम भर्ने |
| १८ | 22522 | सञ्चार सरोकारवालासँग छलफल कार्यक्रम | | | ५०० | १. कार्यक्रम सञ्चालन गर्ने | ४ | पटक | १ | प्रस्तावित नीति कार्यक्रम छलफल अन्तरक्रिया |
| १९ | 22522 | चलचित्रँसग सम्बन्धित कार्यक्रम (सिनेमा संवाद लगायत) | | | ५०० | १. संवाद कार्यक्रम सञ्चालन गर्ने | १ | पटक | | TOR/प्रस्ताव माग |
| २० | 22522 | प्रदेशभित्रका आमसञ्चार क्षेत्रको स्थिति अध्ययन तथा डिजिटाइजेशन | | | ५०० | १. प्रस्ताव माग गर्ने | १ | पटक | | TOR/प्रस्ताव माग |
| | | | | | | २. सम्झौता गर्ने | १ | पटक | | |
| २१ | 31123 | फर्निचर तथा फिक्चर्स | | | 1500 | फर्निचर खरिद | १ | पटक | | भुक्तानी बाँकी |
| २२ | | PRO Website निर्माण | | | ५०० | PRO Website निर्माण | १ | पटक | १ | निर्माण सम्पन्नभएको |
| २३ | 31122 | कम्प्युटर, ल्यापटप, प्रिन्टर, क्यामरा, प्रोजेक्टर, AC लगायत खरिद | | | 2400 | खरिद गर्ने | १ | पटक | | ३ पटक सूचना बोलपत्र नपरेको अब सोझै खरिद |
| २४ | 31134 | मिडिया रजिष्ट्रेसन डाटावेश सफ्टवेर | | | 500 | सफ्टवेयर निर्माण गर्ने | १ | पटक | | कार्य सम्पन्न/भुक्तानी बाँकी |
| २५ | 31134 | कार्ड जेनेरेटर सफ्टवेर (CMIS) | | | 500 | कार्ड जेनेरेटर सफ्टवेर (CMIS) | १ | पटक | | TOR र इस्टिमेट |

विमला भण्डारी
प्रेस रजिष्ट्रार

**९. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः**

(क) कार्यालय प्रमुख श्री बिमला भण्डारी, प्रेस रजिष्ट्रार, 9856032288

(ख) सूचना अधिकारी श्री प्रेम प्रसाद पौडेल, 9856018852

**१०. कानूनहरूको सूचीः**

(क) ऐनहरूको सूची

गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८०

ख) नियमावलीको सूची

गण्डकी प्रदेश आमसञ्चार नियमावली, २०८२

गण्डकी प्रदेश आमसञ्चार नियमावली (पहिलो संशोधन), २०८२

ग) कार्यविधिको सूची

लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८२

पत्रकार लेखनवृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

पत्रकार लेखनवृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२

**११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

**आम्दानी तर्फः-**

आर्थिक वर्ष २०८२/८३ को तेश्रो त्रैमासीकसम्मको राजश्वको विवरण

क) रेडयो एफ संचालन दस्तुर/ रोयल्टी/अन्यप्रशासनिक सेवा शुल्क जम्मा रु. ९१,३४८/-

**खर्च तर्फः-**

आर्थिक वर्ष २०८२/८३ को तेश्रो त्रैमासीकसम्मको बजेट खर्चको विवरण

**क) ३०१०००१२३ चालु तर्फको खर्चः- ६९,३०,६५९।-**

**ख) ३०१०००१२४ पुँजिगत तर्फको खर्चः- १,४९,१६०।-**

**१२. तोकिए बमोजिमका अन्य विवरणः**

(क) कार्यालयको वेबसाइटः pro.gandaki.gov.np

(ख) Facebook page: प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश

Press Register Office Gandaki Provence

(ग) कार्यालयको इमेलः pro@gandaki.gov.np, pro.gandaki1@gmail.com

(घ) सूचना अधिकारीको फोन नं ९८५६०१८८५२, इमेलः pro.gandaki1@gmail.com

(ङ) कार्यालयको फोन नं.: ०६१-४५०८५२,

(च) कार्यालयबाट भए गरेका अन्य महत्त्वपूर्ण कार्यक्रम तथा निर्णय सम्बन्धी विवरण कार्यालयको फेसबुक पेज र वेबसाइट मार्फत् नियमित सार्वजनिक गरिएको ।

प्रेम प्रसाद पौडेल
सूचना अधिकारी

बिमला भण्डारी
प्रेस रजिष्ट्रार

बिमला भण्डारी
प्रेस रजिष्ट्रार

CamScanner